गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## बैठक संख्या-४६

आज मिति २०८१/१२/२१ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

१. श्री राजु थापा - अध्यक्ष
२. श्री तेज बहादुर थापा - उपाध्यक्ष
३. श्री खड्क बहादुर थापा - वडा अध्यक्ष वडा नं. १
४. श्री विद्यापति शर्मा - वडा अध्यक्ष वडा नं. २
५. श्री कुल बहादुर वि.क - वडा अध्यक्ष वडा नं. ३
६. श्री लक्ष्मण पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री सोमनाथ कँडेल - वडा अध्यक्ष वडा नं. ५
८. श्री बृहस्पति शर्मा - वडा अध्यक्ष वडा नं. ६
९. श्री प्रेम बहादुर जि.सी. - वडा अध्यक्ष वडा नं. ७
१०. श्री प्रमानन्द कँडेल - वडा अध्यक्ष वडा नं. ८
११. श्री टिका संगम वि.क. - कार्यपालिका सदस्य
१२. श्री भुमा देवी पुन - ,,
१३. श्री सुनतली वि.क. - ,,
१४. श्री पूर्णमाया सुनार - ,,
१५. श्री गिता देवी वि.क - ,,
१६. श्री देवी थापा मगर - ,,
१७. श्री चूर्ण बहादुर कार्की - सचिव एवं प्रशासकीय अधिकृत

आमन्त्रित उपस्थिति :

१. श्री माधव शर्मा
२. श्री मनोज कार्की

निर्णयहरु :-

**१. गाउँसभा अधिवेशन सम्बन्धमा ।**

काठेखोला गाउँपालिकाको प्रशासकीय भवनको जग्गा प्राप्ती सम्बन्धमा मिति २०८१/११/१३ गते निशुल्क जग्गा प्राप्ती सम्बन्धमा १५ दिने सूचना प्रकाशित गरिएकोमा तोकिएको म्यादमा ३ (तीन) वटा निवेदन प्राप्त भएकोमा प्रशासकीय भवनको निशुल्क जग्गा प्राप्ती गर्ने विषयमा निर्णय गर्नुपर्ने भएकोले मिति २०८२ वैशाख १६ गते मंगलवार विहान ११.०० बजे काठेखोला गाउँपालिकाको विशेष गाउँसभा अधिवेशन बोलाउने निर्णय गरियो।

**२. विविध**

क) काठेखोला गाउँपालिकाको दोस्रो चौमासिकको सार्बजनिक सुनुवाई मिति २०८२ वैशाख ७ गते वडा नं. २ को वडा कार्यालय भिमापोखरामा सञ्चालन गर्ने निर्णय गरियो ।

ख) मिति २०८१/०८/२७ गतेको गाउँ कार्यपालिको निर्णय नं. ३ अनुसार एकपाटा वौर सडक स्तरोन्नतिका लागि म्याद समाप्त भएको मितिदेखि लागु हुनेगरि २०८१ चैत्र मसान्तसम्म म्याद थप गरिएकोमा उक्त मितिमा काम सम्पन्न हुन नसकेकोले मिति २०८२ जेठ मसान्तसम्म म्याद थप गरि पाउँ भनी निर्माण कम्पनी जोशी-निशान-आचार्य जे.भी.ले निवेदन दिएकोले मिति २०८१/१२/२२ गतेको कार्यपालिका वैठकमा पेश भएकोमा उक्त वैठकको निर्णय नं. ३ (क) अनुसार अनुगमन समितिवाट अनुगमन गरी कार्य प्रगतिको आधारमा अर्को कार्यपालिका वैठकवाट म्याद थप गर्ने/नगर्ने सम्बन्धमा निर्णय भएकोले उपाध्यक्ष ज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिवाट अनुगमन गर्दा उक्त सडकको कार्य प्रगति सन्तोषजनक भएको र २ महिना म्याद थप गर्दा सडक स्तरोन्नति कार्य समाप्त हुने प्रतिवेदन प्राप्त भएकोले निर्माण कम्पनीको माग बमोजिम २०८१ जेठ मसान्तसम्म २ महिना म्याद थप गर्ने निर्णय गरियो।